# प्रेस वक्तव्य

अगस्ट ७, २०१८ । नेपाली राजदूतावास अमेरिका र अन्तराष्ट्रिय वित्त संस्थाको संयुक्त आयोजनामा भएको लगानीकर्ताको सम्मेलनलाई माननीय अर्थमन्त्री डा युवराज खतिवडाले सम्बोधन गर्नु भयो । उक्त सम्मेलनलाई सम्बोधन गर्दै माननीय अर्थमन्त्री खतिवडाले निम्न विषयमा प्रकाश पार्नु भयो ।

१. नेपालमा हालै सम्पन्न निर्वाचनबाट लामो समयको अन्तराल पछि सुविधाजनक बहुमतको स्थिर सरकार गठन भएकोले लगानीको लागि अनुकुल वातावरण कायम भएको

२. नेपालको संविधान र कानुनले लगानीकर्ताको निजी सम्पत्तिको संरक्षण गर्ने सुनिश्चित गरेको

३. विदेशी लगानी, कर तथा श्रम कानूनहरू लगानी मैत्री रहेको

४. लगानी बोर्ड मार्फत समेत वाट एकल विन्दु सेवा प्रवाह गर्ने व्यवस्था मिलाइएको

५. दक्षिण एशियामानै नेपालको कर्पोरेट करको दर प्रतिस्पर्धात्मक रहेको

६. उर्जा, यातायात पूर्वाधार तथा पर्यटन व्यवसाय र पर्यटन पूर्वाधार क्षेत्रमा उच्च प्रतिफल युक्त लगानीको सम्भावना रहेको ।

साथै उक्त सम्मेलनमा विभिन्न लगानीकर्ताहरूका जिज्ञासाहरूलाई सम्बोधन गर्दै माननीय अर्थमन्त्रीले नेपाल लगानीको आकर्षक गन्तव्य मुलुक भएकोले ढुक्क भएर पर्यटन होटल, एयरपोर्ट, केबलकार तथा साहसिक पर्यटन यातायात पूर्वाधार हवाइ, रेल्वे, सार्वजनिक यातायात तथा सहरी पूर्वाधार मेट्रो रेल, मोनो रेल केबलकार जस्ता क्षेत्रमा लगानी गर्न आव्हान गर्नु भयो । सो अवसरमा विश्व बैङ्कका नेपाल निर्देशक श्री चिमाउ फ्यानले नेपाल लगानीको लागि अभुतपुर्व अवसर रहेको मुलुक भएको धारणा राख्नु भएको थियो ।

यस अघि मिलेनियम च्यालेन्ज कर्पोरेसनको अमेरिकी डलर ६३० मिलियनको सम्झौता कार्यान्वयनलाई तिव्रता दिने सम्बन्धमा उक्त कर्पोरेसनका कार्यवाहक प्रमुख श्री रवर्ट व्लाउ र सञ्चालन प्रमुख श्री जनाथन नास लगायत उच्च व्यवस्थापन तह सँग छलफल गर्नु भयो । त्यस्तै अन्तराष्ट्रिय मुद्रा कोषका डेपुटी म्यानेजिङ डाइरेक्टर श्री ताउ झाङ सँग नेपाललाई प्रदान गर्ने प्राविधिक तथा वित्तीय सहयोगको विषयमा छलफल भयो । अन्तराष्ट्रिय वित्त निगम आइ एफ सि का उपाध्यक्ष श्री नेना ईष्टोल्जोकोभिक तथा उच्च व्यवस्थापक संग नेपालमा माथिल्लो त्रिशूली जलविद्युत आयोजना तथा अन्य सम्भाव्य क्षेत्रमा

निजी लगानी गर्ने र नेपाल सरकारले गर्ने पूर्वाधार सम्मेलनलाई सफल बनाउने सम्बन्धमा माननीय अर्थ मन्त्री डा युवराज खतिवडा नेतृत्वको नेपाली प्रतिनिधिमण्डल संग द्विपक्षीय छलफल भयो ।

नेपालको विकास चुनौतीलाई सम्बोधन गर्न नेपालमा हालै भएको राजनैतिक परिवर्तन र स्थिर सरकारको गठनले आफूहरू उत्साहित भएको र उच्च स्तरको सहायता उपलब्ध गराउन विश्व बैंक समुह प्रतिवद्ध रहेको कुरा विश्व बैङ्क अन्तराष्ट्रिय वित्त निगम आइ एफ सि का उपाध्यक्ष श्री नेना ईष्टोल्जोकोभिक, विश्व बैंकका नेपाल निर्देशक श्री चिमाउ फयान तथा नेपाल व्यवस्थापक श्री फेरिस हदाद जेरवोस ले जनाउनु भयो ।

यसै बिच विश्व बैंङ्कले आजै अमेरिकी डलर १०० मिलियन (करिव ११ अर्ब )वित्तीय क्षेत्र सुधारका लागि बजेट सहयोग स्वीकृत गरेको छ ।